सहकारी ऐन, २०४८ अन्तर्गत रजिष्टर्ड

दर्ता नं.५२३/०५६/०५७

# तरकारी फलफूल बचत तथा ऋण सहकारी संस्था लिमिटेड
# Tarakari Phalafool Saving & Credit Co-operative Society Ltd.

कालिमाटी,काठमाडौं । फोन नं .०१-५१२३१२९ Email: tarakariphalfool@gmail.com

च.नं. ७६/०७५/०७६.

मिति : २०७५।०७।१३

**विषय :– साधारणसभामा उपस्थित हुने वारे ।**

श्री............................................ ज्यू

कालिमाटी, काठमाडौं ।

यस सहकारी संस्थाको सञ्चालक समितिको मिति २०७५ आश्विन १२ गते बसेको बैठकको निर्णयानुसार १९ औं बार्षिक साधारणसभा निम्न मिति,समय र स्थानमा तपशिलका प्रस्तावहरुमा छलफल गर्न बस्ने भएकोले सम्पूर्ण सदस्यहरुलाई उपस्थितिको लागि हार्दिक अनुरोध गरिन्छ।

**छलफलका विषयहरु :**

१) संस्थाको वार्षिक प्रतिवेदन सम्वन्धमा ।

२) लेखा समितिको प्रतिवेदन सम्वन्धमा ।

३) आ.व ०७४/०७५ को लेखापरीक्षण प्रतिवेदन सम्वन्धमा ।

४) आ.व.०७४/०७५ को बचतवाट लाभांस वितरण सम्वन्धमा ।

५) आ.व.०७५/०७६ को लागि कार्यक्रम एवं बजेट सम्वन्धमा ।

६) आ.व.०७५/०७६ को लागि लेखापरीक्षकको व्यवस्था एवं पारिश्रमिक तोक्ने सम्वन्धमा ।

७) जग्गा विक्री गर्ने सम्वन्धमा ।

८) विनियम संसोधन सम्वन्धमा ।

९) निर्णय पुस्तिकामा दस्तखत गर्ने सञ्चालक एवं सदस्यको चयन सम्वन्धमा ।

१०) विबिध ।

**साधारणसभा हुने**

मिति : २०७५/०८/०८ गते शनिवार

समय : विहान ९:०० बजे

स्थान : मेगा व्याङ्क्वेट,रविभवन,काठमाडौं ।

**साधारणसभा सम्वन्धि अन्य आवश्यक जानकारी**

१ सदस्य स्वयको मात्र उपस्थिति मान्य हुनेछ ।

२ सहकारी सदस्यता परिचय-पत्र अनिवार्य साथमा हुनुपर्नेछ ।

३ विहान १०:०० बजेवाटै खानाको व्यवस्था गरिएको छ ।

**नोट : १२ बजेपछिको उपस्थिती मान्य हुनेछैन ।**

.........................................

**(उज्वल कार्की)**

अध्यक्ष

# तरकारी फलफूल बचत तथा ऋण सहकारी संस्था लिमिटेड

## *PEARLS* अनुगमन पद्धती अनुपात विश्लेषण

## आर्थिक बर्ष २०७४/०७५

### P - Protection (संरक्षण)

| पर्ल्स सुचकांकहरु | | लक्ष्य | ऋण रकम | लक्ष्यअनुरुप गर्नुपर्ने | व्यवस्था गरिएको | कैफियत |
|---|---|---|---|---|---|---|
| P1 | १२ महिना भन्दा बढि भाखा नाघेको ऋणको लागि व्यवस्था | १००% | १,४७८,८४४.०० | १,४७८,८४४.०० | १,४७८,८४४.०० | |
| P2 | १२ महिना भन्दा कम भाखा नाघेको ऋणको लागि व्यवस्था | ३५% | २,०८९,३८७.०० | ७३१,२८५.४५ | ७३१,२८५.४५ | |
| P3 | भाखा ननाघेको (असल) ऋणको लागि व्यवस्था | १% | २८७,८०४,१२५.०० | २,८७८,०४१.२५ | २,८७८,०४१.२५ | |
| | जम्मा | | **२९१,३७२,३५६.००** | **५,०८८,१७०.७०** | **५,०८८,१७०.७०** | |

### E - Effective financial Structure (प्रभावकारी वित्तिय संरचना)

| पर्ल्स सुचकांकहरु | | लक्ष्य प्रतिशत | पर्ल्स अनुपातहरु | | वास्तविक प्रतिशत | कैफियत |
|---|---|---|---|---|---|---|
| E1 | खुद लगानीमा रहेको ऋण/कुल सम्पत्ति | ७०-८०% | २९१,३७२,३७९.०० | ४०३,७६४,३७५.२२ | ७२.१६% | |
| E5 | निक्षेप तथा बचत/कुल सम्पत्ति | ७०-८०% | २८९,२४६,९६०.५७ | ४०३,७६४,३७५.२२ | ७१.६४% | |
| E6 | बाह्य ऋण/कुल सम्पत्ति | ५% भन्दा कम | - | ४०३,७६४,३७५.२२ | ०.००% | |
| E7 | शेयर पुँजी/कुल सम्पत्ति | १०-२०% | ५१,८३०,५००.०० | ४०३,७६४,३७५.२२ | १२.८४% | |
| E8 | संस्थागत पूँजी/कुल सम्पत्ति | कम्तिमा १०% | २७,८३३,६२३.९४ | ४०३,७६४,३७५.२२ | ६.८९% | |
| E9 | खुद संस्थागत पूँजी/कुल सम्पत्ति | कम्तिमा १०% | २७,८३३,६२३.९४ | ४०३,७६४,३७५.२२ | ६.८९% | |

### A - Assets Quality (सम्पत्तिको गुणस्तर)

| पर्ल्स सुचकांकहरु | | लक्ष्य प्रतिशत | पर्ल्स अनुपातहरु | | वास्तविक प्रतिशत | कैफियत |
|---|---|---|---|---|---|---|
| A1 | भाखा नाघेको ऋण/लगानीमा रहेको ऋण रकम | ५% भन्दा कम | ३,५६८,२३१.०० | २९१,३७२,३७९.०० | १.२२% | |
| A2 | कुल आय आर्जन नगर्ने सम्पत्ति/कुल सम्पत्ति | ५% भन्दा कम | ३४,९४०,३०७.८१ | ४०३,७६४,३७५.२२ | ८.६५% | |

### R - Rate of Return (लगानीमा प्रतिफल)

| पर्ल्स सुचकांकहरु | | लक्ष्य प्रतिशत | पर्ल्स अनुपातहरु | | वास्तविक प्रतिशत | कैफियत |
|---|---|---|---|---|---|---|
| R1 | कुल व्याज आम्दानी/औषत ऋण रकम | औषत व्याजदर | ३१,२१०,७७७.०० | २९१,३७२,३७९.०० | १०.७१% | |
| R5 | व्याज खर्च/औषत निक्षेप तथा बचत र बाह्य ऋण | औषत व्याजदर | १५,८२४,०८०.०० | २८९,२४६,९६०.५७ | ५.४७% | |
| R7 | लाभांष वितरण/औषत शेयर पुँजी रकम (गत बर्ष सम्मको मात्र) | १५% भन्दा कम | - | ४५,६००,६००.०० | ०.००% | |
| R8 | कुल आम्दानी/औषत कुल सम्पत्ति | कम्तिमा १०% | ४२,७१४,९५३.७७ | ४०३,७६४,३७५.२२ | १०.५८% | |
| R9 | सञ्चालन खर्च/औषत कुल सम्पत्ति | ५% भन्दा कम | ७,३४६,३५२.०० | ४०३,७६४,३७५.२२ | १.८२% | |
| R12 | खुद आय/औषत कुल सम्पत्ति | कम्तिमा १०% | १४,७७७,८५६.७३ | ४०३,७६४,३७५.२२ | ३.६६% | |

### L - Liquidity (तरलता)

| पर्ल्स सुचकांकहरु | | लक्ष्य प्रतिशत | पर्ल्स अनुपातहरु | | वास्तविक प्रतिशत | कैफियत |
|---|---|---|---|---|---|---|
| L2 | तरल सम्पत्ति/कूल निक्षेप रकम र बाह्य ऋण | कम्तिमा १५% | ७६,३३९,६८८.४१ | २८९,२४६,९६०.५७ | २६.३९% | |

### S - Sign of Growth (बृद्धिको संकेत)

| पर्ल्स सुचकांकहरु | | लक्ष्य प्रतिशत | पर्ल्स अनुपातहरु | | वास्तविक प्रतिशत | कैफियत |
|---|---|---|---|---|---|---|
| S10 | यस बर्षको सदस्य-गत बर्षको सदस्य/गत बर्षको सदस्य | १२% भन्दा बढी | १८.०० | १,३२४.०० | १.३६% | |
| S11 | यस बर्षको सम्पत्ति-गत बर्षको सम्पत्ति/गत बर्षको सम्पत्ति | मुद्रा स्फिर्ति भन्दा बढि | ६३,९००,८६१.२७ | ३३९,८६३,५१३.९६ | १८.८०% | |

# तरकारी फलफूल बचत तथा ऋण सहकारी संस्था लिमिटेड

कालिमाटी, काठमाण्डौको

## १९ औं बार्षिक साधारण सभामा अध्यक्ष श्री उज्वल कार्कीज्यूद्वारा प्रस्तुत बार्षिक प्रतिवेदन २०७४/०७५

**१९ औबार्षिक साधारणसभाका प्रमुख अतिथिज्यू, विशिष्ट अतिथि ज्यू**

आमन्त्रीत अतिथिगण, सदस्य महानुभावहरु , सञ्चारकर्मी लगायत उपस्थित सम्पूर्ण महानुभावहरु !

तरकारी फलफूल बचत तथा ऋण सहकारी संस्था लिमिटेड कालिमाटी, काठमाण्डौंको १९ औं वार्षिक साधारण सभाको आमन्त्रणमा उपस्थित भई कार्यक्रम सफल पार्न सहयोग पुऱ्याउनु भएकोमा संस्थाको तर्फबाट स्वागत एवं सहकारी अभिवादन ब्यक्त गर्दै सबै प्रति हार्दिक आभार प्रकट गर्दछु। साथै संस्थाको १९ औं वार्षिक साधारण सभामा बार्षिक प्रतिबेदन प्रस्तुत गर्न पाउँदा आफू अत्यन्त हर्षित भएको छु। संस्था सञ्चालन गर्नमा अमूल्य सुझाव दिनुहुने सल्लाहकारज्यूहरु, साथ-सहयोग गर्नुहुने सञ्चालक एवं लेखा पदाधिकारीहरु, सदैब क्रियाशील सदस्य महानुभावहरु एवं शुभचिन्तकहरु सबै प्रति कृतज्ञता ज्ञापन गर्न चाहन्छु।

**उपस्थित महानुभावहरु,**

वि.स २०१० सालमा योजना,विकास,तथा कृषि मन्त्रालय अन्तर्गत सहकारी विभाग स्थापना भई सुरु भएको नेपालको सहकारी इतिहासमा हालसम्म आईपुग्दा नेपालको संविधानले नै राष्ट्रिय अर्थतन्त्रको एक आधारको रुपमा सहकारीलाई स्वीकार गरेको छ। नेपालमा सहकारी स्थापनाको ६० औ बसन्त पार गर्दाको अवस्थासम्म सहकारी ऐन २०४८ अर्न्तगत रही आफ्नो कार्यदिशा निर्देशित गरेको थियो र २५ बर्षपछि समयको माग र काम गर्दाको अनुभवलाई बटुलेर २०४८ को भन्दा केही फरक किसिमको सहकारी ऐन २०७४ लागु भएको छ। नेपाली जनताले आफैले बनाएको संविधान २०७३ प्राप्त गरेको सन्दर्भसँगै देश संघिय संरचनामा गएको अवस्था छ। त्यसैको पृष्ठभूमिमा रहेर अव सहकारीको पनि काम,कर्तव्य,अधिकार,निति,विधि,कार्यक्षेत्र आदि कुराहरु केही फरक किसिमले आउने भएका छन्। नयाँ सहकारी ऐन र देश संघिय संरचनामा गएता पनि नियमावली र अन्य निति निर्देशिकाहरु एवं स्थानीय कानुनहरुको अभावमा खुलेर कार्य गर्न असहज भएको कुरा सवैले महसुस गरेकै हो। समय परिवर्तनसँगै प्राप्त गरिने नयाँ निति,विधि र प्रविधिलाई हामीले पनि स्वीकार गर्दै सोही अनुरुप अगाडी बढिने कुरामा दुईमत नरहला ।

**आदरणीय सदस्य महानुभावहरु,**

सहकारी ऐन,नियमावली,मापदण्ड,निति,निर्देशिका आदिलाई अँगालेर विनियम अन्तर्गत रही आन्तरीक आफ्नै कार्यविधि बनाई सदस्यहरुको इच्छा,चाहना,आवश्यकतालाई मध्यनजर गर्दै तरकारी फलफूलका व्यवसायीहरुको माझ फैलिएको यस सहकारी संस्था आज १९ औं बर्ष पार गरिरहेको सुखद अवसरमा विगतमा गरेका कार्यक्रमहरुलाई स्मरण गर्दै सहकारीका क्रियाकलापहरु सदस्यमाझ राख्न चाहन्छु।

**सदस्य महानुभावहरु !**

वि.सं. २०५६ साल माघ २१ गते ३० जना सदस्यहरुको सहभागितामा ३१ हजार ९ सय शेयरपूँजीवाट विधिवत रुपमा डिभिजन सहकारी कार्यालयमा दर्ता भई सञ्चालनमा आएको यस सहकारी संस्थाको आठौं कार्यकालका लागि मिति २०७४/०९/०१ गतेको साधारणसभाबाट गठित निर्वाचन समितिले पौष ७ गते सम्पन्न निर्वाचनबाट २०७४ पौष १० गतेदेखि ४ बर्षे अवधिको लागि सञ्चालकमा चुनिएर मैले नेतृत्व गरेको यो दोस्रो कार्यकालको पहिलो वर्ष हो। २१ औ शताब्दीमा सहकारी संस्थाहरुको प्रतिस्पर्धात्मक रुपमा एउटा छुट्टै पहिचान बोकेर हिडेको यस सहकारी संस्थाले सदस्यहरुको आर्थिक र सामाजिक रुपान्तरणमा अग्रगामी भूमिका खेलेको छ साथै आगामी दिनहरुमा आफूलाई परिष्कृत र सेवामुखी बनाउदै राष्ट्रिय र अन्तराष्ट्रिय स्तरको सहकारी ब्राण्ड प्राप्त गरी समयसापेक्ष रुपमा परिमार्जन गर्दै लैजान सम्पूर्ण सदस्यहरुको उत्तिनै साथ सहयोग र सुझाव आवश्यक रहनेछ।

**उपस्थित महानुभावहरु,**

मेरो अध्यक्षतामा ७ सदस्यीय संचालक समिति गठन भयो र ३ सदस्यीय लेखा समिति बन्यो। मैले कार्यकारी अध्यक्षको जिम्मेवारी लिई समितिको बैठकवाट कानूनी सल्लाहकार समेत अग्रज र सहकारी जानीफकार हरुको सल्लाहकार मण्डलको व्यवस्था गरियो,शिक्षा उपसमितिको गठन भयो र कर्जाको व्यवस्थापनका लागि विनियममा पदेन व्यवस्था भएबमोजिम ३ सदस्यीय ऋण उपसमिति क्रियाशिल छ। त्यसै गरी संस्थाका विविध कार्यक्रम सञ्चालनका लागि शिक्षा, स्वास्थ्य,कृषि,महिला,बजार विश्लेषण,घर जग्गा खरिद उपसमितिहरु गठन गरिएको छ। विगतकै निरन्तरतामा दैनिक कार्य सञ्चालन गर्न विहान ८ बजेदेखि ५ बजेसम्म कर्मचारीहरु र सञ्चालकको तर्फवाट स्वयं अध्यक्षले प्रवन्ध सञ्चालक भई दैनिक कार्यको जिम्मेवारी लिएर कार्य गरिरहेको छु। वार्षिक क्यालेन्डर तयार गरी वर्षमा ३५० दिन कार्यालय खुला गरिएको छ भने विदाको दिनमा विहान ८ बजेदेखि १२ बजेसम्म सेवा प्रदान गर्दै आएको छ। संस्थाले सदस्यता विस्तार गरेको छ, सदस्यहरुको बचत संकलन गरेको छ। सदस्यहरुलाई सामूहिक जमानी र घर जग्गा धितोमा कर्जा लगानी गरेको छ। संस्थाको कर्जा असुलीलाई प्राथमिकतामा राखेर पूराना कर्जाहरु असुल गर्न सफल भएको छ भने केहीको लागि कारवाही प्रक्रियामा राखिएको छ। साप्ताहिक र मासिक रुपमा सञ्चालक र कर्मचारी भएर बजारमा कर्जा असुली तथा बचत जम्माका लागि  भेटघाट कार्यक्रम गर्ने गरिएको छ। कर्जाहरु किस्तावन्दीमा असुल गर्ने र किस्ता असुल नहुने तथा किस्ता नपुग्ने कर्जामा थप व्याज लाग्ने व्यवस्था गरिएको छ। कर्मचारी पदाधिकारीहरुले संयुक्त रुपमा नेपालभित्रका राष्ट्रिय अन्तराष्ट्रिय ब्राण्ड प्राप्त सहकारीहरुको अध्ययन अवलोकन भ्रमण पनि  गऱ्यो। कर्मचारीहरुलाई समयसापेक्ष आवश्यक पर्ने तह र स्तर अनुसारको तालिममा सहभागि बनाई  सक्षम र दक्ष कर्मचारी उत्पादनमा प्रयास पनि गरियो। त्यसैगरी फागुण ३ र ४ गते काठमाण्डौमा सम्पन्न राष्ट्रिय महिला गोष्ठी र जेठ २४ र २५ गते होटेल सोल्टी क्राउन प्लाजामा आयोजित साकोस शिखर गोष्ठी २०७५ मा संस्थाबाट प्रवन्धकले सहभागिता जनाएका छन्।

**सदस्य महानुभावहरु,**

संस्थाले नियमित कार्यक्रमहरु सञ्चालन गर्दै आएको छ । सदस्यमाभ्र बचत,ऋण,शेयरमा भएको थपघटका वारेमा जानकारी दिने कार्यक्रम सञ्चालन गरेको छ। सदस्य सहकारी अवलोकन भ्रमणका लागि भने यस बर्ष महिला सदस्यहरुलाई प्राथमिकतामा राखी ललितपुरको ठेचो महिला जागरण साकोसको अवलोकन भ्रमण गराईयो । जेष्ठ सदस्य एवं एकल-महिला सदस्यहरुलाई सामाजिक शुरक्षा-भत्ता बितरण गरीएको छ । नवनिर्वाचित सञ्चालक,लेखा समिति र गठित उपसमितिहरुलाई सहकारी सम्वन्धि ज्ञान एवं तालिमका लागि चैत्र १० गते ललितपुरको लुभु स्थित कल्याणकारी सहकारीको अवलोकन साथै त्यसै सहकारीका व्यवस्थापक एवं वरिष्ठ प्रशिक्षक कुमार खत्रीद्धारा दिएको प्रशिक्षण कार्यक्रममा सहभागि भईयो । राष्ट्रिय/अन्र्तराष्ट्रिय सहकारी दिवसहरु र संस्था सदस्य रहेका जिल्ला सहकारी संघ,राष्ट्रिय सहकारी बैक र नेफ्स्कूनका औपचारिक/अनौपचारिक कार्यक्रममा संस्थागत सहभागिता जनाउदै आएको छ। सदस्यहरुको द्ःुखान्त मृत्युमा निजको आत्माको चिरशान्ति र परिवारजनमा सान्त्वनाको लागि श्रद्धाञ्जली कार्यक्रमको आयोजना गर्ने र परिवारलाई आर्थिक सहयोग स्वरुप निजको सदस्यता बचत खाताको रकममा दोब्बर भुक्तानी गरिदै आएको छ। अपाङ्ग-बाल शैक्षिक सहयोग रकम प्रदान गरिएको छ। सदस्यहरुको निशुल्क प्राथमिक उपचारका लागि हप्तामा २ दिन औषधि सहितको स्वास्थ्य सेवा सञ्चालन भईरहेको छ। एस.ई.ई.मा **A, A± ग्रेडमा** उर्तिण सदस्यका छोरा-छोरीलाई प्रशंसा-पदकबाट बिभुषित गर्ने गरिएको छ। सदस्यका बाल-बालीकाको बचतलाई प्रोत्साहनका लागि बाल-कार्यक्रम गर्दै आईएको छ। संस्थाको वार्षिक उत्सव मनाउने र सो मा जन स्वास्थ्य, वातावरण र चेतना मूलक कार्यक्रम गर्ने गरिएको छ। संस्था स्थापना माघ २१ को अवसरमा बजारमा क्रियाशिल संघ संस्थासँग मिलेर रक्तदान कार्यक्रम आयोजना गरियो । त्यसैगरी संस्था स्थापनको अवसर पारेर संस्थापक सदस्यहरुलाई सम्मान गर्ने कार्यक्रम पनि यस वर्ष गरियो भने जेष्ठ र एकल महिलालाई न्यानो कपडा प्रदान गरी सम्मान पनि गरियो । बर्ष-शुभारम्भ र शुभपर्वहरुमा शुभकामना आदान-प्रदान र सदस्यहरुको अन्य विवध सामाजिक गतिवधिका कार्यक्रम गर्ने गरिएको छ। त्यसैगरी सदस्यको दुर्घटनामा परी मृत्यु भएको अवस्थामा वार्षिक रुपमा लिइदै आएको सदस्यता शुल्क वापतको रकम दुर्घटना वीमा कोषमा जम्मा हुने गरेको र सोही कोषवाट यस वर्ष दुर्घटनामा परी मृत्यु भएका सदस्यता नं ७०० का सदस्य सानुकाजी श्रेष्ठको परिवारलाई दुर्घटना विमा सहयोग स्वरुप १८ औ वार्षिक साधारणसभामा रु १ लाख रकम प्रदान गरिएको छ।

**सदस्य महानुभावहरु,**

विगत वर्षका लेखा परिक्षण प्रतिवेदनको सुभ्राव र डिभिजन सहकारी कार्यलयवाट भएको अनुगमन र सो पश्चात आएको सुभ्रावका आधारमा संस्थाको आर्थिक सुरक्षाको लागि रु ५० लाखको मार्गस्थ र भल्टको विमा गरिएको छ भने सहाकारी संस्थामा जडित **CC TV Camera** लाई व्यवस्थीत गरिएको छ। कर्मचारीहरुको राजीनामा पश्चात संकलक (कनिष्ठ सहायक) २, प्रशासन सहायक १ र सुरक्षागार्ड १ नियुक्ति गरिएको जानकारी गराउन चाहन्छु।

## उपस्थित महानुभावहरु,

विगत वर्षदेखि सञ्चालन गरिएको रेमिटान्स सेवा सन्चालनमा **IME** रेमिटान्स लगायत अन्य **Himal, Western Union, Prabhu** कम्पनीसँग सम्झौता गरी सेवा विस्तार गरिएको छ भने **City Express** सँग पनि सम्झौता गर्ने तयारी गरिएको छ। त्यसैगरी आजको १९ औं वार्षिक साधारणसभा मनाइरहदा सम्म सहकारी संस्थाले धेरै आरोह अवरोहको सामना गर्नुपर्‍यो भने राष्ट्रिय सहकारी बैक, कर कार्यालय आदि संघ संस्थावाट कारोवारको आधारमा पुरस्कृत पनि भयो। संस्थावाट आवश्यक ऋण रकम प्रदान, बचतमा व्याज प्रदानवाट सदस्यहरुको आर्थिक देखि लिएर सामाजिक स्तर पनि बृद्धि भएको छ। २०६८ को आगलागीपछि अस्थायी रुपमा भाडामा रहदै आएको सहकारी संस्थामा बढ्दो कारोवार,सेवामा विस्तार कर्मचारी थप आदि कारणले सरल तरिकावाट सदस्यलाई सेवा दिन गाऱ्हो भइरहेको अवस्था छ। विगत वर्षदेखि नै संस्थाका लागि घरजग्गा खरिद गर्ने लक्ष्य भएता पनि कोषको अप्रयाप्तता, उपयुक्त स्थानमा घरजग्गा नभेटिएका कारण काम स्थगित हुँदै आएको थियो। संस्थाको भवन बनाउने उद्देश्य स्वरुप घरजग्गा खरिदका लागि यो आ.व २०७४/०७५मा कालिमाटी तरकारी बजार नजिकै का.म.न.पा १३,कित्ता नं ३६१ र ३६२ क्षेत्रफल १०३.५५ र ११९.२० भएको अशोकमान शाक्य,अमरमान शाक्य को नाममा रहेको जग्गा खरिद स्वीकृत लिई सञ्चालक समितिले आवश्यक प्रक्रिया पूरा गरी सदस्यमाझ छलफल गराई प्रति आना रु ४० लाखका दरले खरिद गर्ने सहमति भएकाले सो जग्गा खरिदका लागि १८ औ साधारणसभावाट स्वीकृत प्राप्त गरी खरिद गरेको छ। खरिद पश्चात संस्थाले महानगरपालिका भित्र भवन निर्माणका लागि पूरा गर्नुपर्ने प्रक्रिया र मापदण्ड बिदलिएको र बर्तमान बजारको अस्थिरताका कारण सो जग्गामा भवन निर्माण नगरी विक्री गर्ने साथै विक्रिपश्चात प्राप्त मुनाफालाई जगेडाकोषमा रकमान्तर गर्ने प्रस्ताव स्वीकृतका लागि पेश गरेको छु। सदस्यहरुको लगानीमा बजार निर्माण गर्ने अवधारणालाई अगाडी बढाई जग्गा खोजी गरिनेछ ।

## सदस्य महानुभावहरु,

आ.व ०७४/०७५ को आम्दानीवाट खर्च कटाई रहेको सञ्चालन मुनाफावाट राज्यलाई २० प्रतिशत कर तिरी २५ प्रतिशत जगेडाकोषमा सारी बाँकी रहेको रकमलाई शतप्रतिशत मानी कोष विभाजन गर्ने गरिएको थियो तर नयाँ सहकारी ऐन २०७४ मा कोष विभाजनमा व्यवस्था भएअनुरुप कोषको वाँडफाँड गर्नुपर्ने भएकोले विनियम संसोधनका लागि प्रस्ताव पेश गरेको छु । शेयर लाभांसका लागि छुट्टाईएको रकममा सदस्यहरुको शेयरपूजीको १४ प्रतिशतका दरले लाभांश वितरण गर्ने प्रस्ताव पेश गरेको छु। संरक्षित पूँजीफिर्ताकोषको रकम जगेडाकोषमा नै कोष बृद्धि प्रयोजनको लागि रकमान्तर गर्न स्वीकृतको लीग प्रस्ताव पेश गरेको छु। "**सदस्य हेरचाह पुस्तिका**" सञ्चालक समितिको बैठकवाट पारित गरी साधारणसभामा अनुमोदनका लागि पेश गरिएको छ। सहकारी संस्थाको चुस्त व्यवस्थापनका लीग नेफ्स्कुनले ल्याएको जोखिममा आधारित साकोस सुपरिवेक्षण कार्यक्रममा सहभागिता जनाइनेछ। सदस्यहरुको सहभागितामा बजार निर्माणको अवधारणालाई विशेष प्राथमिकतामा राखिनेछ।

## विनियम संसोधन

| क्र.स | साविक | भएको व्यवस्था | शंसोधन | औचित्य |
|---|---|---|---|---|
| १ | परिच्छेद ११ को दफा ५७ मा खुद बचतको वाँडफाँड (१)खुद लाभांशको २५% रकम जगेडाकोषमा छुट्र्याई बाकी रहन आएको रकमलाई साधारणसभावाट अनुमोदन गराउने गरी संचालक समितिको निर्णयानुसार रकम छुट्र्याई सोही प्रयोजनमा मात्र खर्च गर्ने गरी कोष खडा गरिने छ। | सरक्षित पूजी फिर्ताकोष- कारोवारकोआधारमा सदस्यलाई वितरण हुने गरी | संरक्षित पूजी फिर्ताकोष- जगेडाकोषमा रकम छुट्र्याई बाँकी रहेको रकमको कम्तिमा २५% रकम संरक्षित पूजीफिर्ताकोषमा वार्षिक रुपमा जम्मा हुनेछ। | सहकारी ऐन २०७४ को परिच्छेद १० को दफा ६९ मा भएको व्यवस्था अनुसार |
| २ | परिच्छेद ११ को दफा ५७ को उपदफा १ को (ज) मा थप व्यवस्था गर्नुपर्ने | - | सहकारी प्रवद्धर्नकोष :सहकारी व्यवसायको प्रवर्द्धन गर्नका लागि जगेडाकोषमा रकम छुट्र्याई बाँकी रहेको रकमको ०.५% ले हुन आउने रकम वार्षिक रुपमा जम्मा हुनेछ। | सहकारी ऐन २०७४ को परिच्छेद १० को दफा ७० मा भएको व्यवस्था अनुसार |

**सदस्य महानुभावहरु,**

सहकारी संस्थाको समग्र विकासका लागि विश्वास गरेर प्रतिनिधि तोकी सदस्यहरुले सञ्चालक,लेखा पदाधिकारी चुनेका हुन्छन् हामीले पाएको विश्वास र खाएको सपतको लागि सक्रिय भएर सहकारीको स्तरोन्नतीको लीग लागिपर्नु हाम्रो दायित्व हो। सहकारी संस्थाको कारोवार बृद्धिसँगै आन्तरीक सुसानलाई अझ राम्रो बनाउन सहकारी विज्ञ व्यक्तिलाई आन्तरीक लेखापरीक्षक एवं परामर्शदाताको रुपमा १ बर्षको लागि करारमा नियुक्ति गरिने कुरालाई प्राथमिकता दिईनेछ। संस्थालाई निति विधि र प्रविधिले चलाउनुपर्ने नियमानुसार आवश्यक आन्तरीक कार्यविधि बनाई काम गर्नुपर्ने आवश्यकता देखिएको छ। प्रविधिलाई भित्र्याउन सदस्यहरुको आवश्यकतालाई मध्यनजर गर्दै **SMS Banking, IPS** प्रणाली लागू गरी सहकारीलाई प्रविधिमैत्री बनाउने कुरा यस वर्ष पनि प्राथमिकतामा राखिएको छ।

आ.व ०७४/०७५ मा सञ्चालक समितिको १९ बटा बैठकवाट गरिएको प्रस्ताव र निर्णयलाई अनुमोदनका लागि पेश गरेको छु। सहकारी ऐन २०७४ आएसँगै हिजोदेखि हामीले भन्दै आएको एक सदस्य एक सहकारी निति कार्यान्वयनमा आएको छ त्यसैगरी सम्वन्धित निकायले दोहोरो सदस्यता र ऋणी पहिचानका

लागि सदस्य सूचना प्रणाली लागू गरेको हुँदा सोही अनुरुप सदस्य परिचान (**Know Your Member**) फारम भरी सदस्यहरुको विवरण अध्यावधिक गरी सम्वन्धित सहकारी निकायमा पठाइने हुँदा सदस्यहरुले आफ्नो विवरण आध्यावधिक गर्न पून म अनुरोध गर्दछु।

**अन्त्यमा,**

आ.व ०७४/०७५मा सहकारीका जेष्ठ सदस्य उमाकान्त खनाल,एकल सदस्य लक्ष्मी मगर त्यसैगरी यसै वर्ष १९ औ साधारणसभा सम्ममा सदस्य गुन्ज बहादुर कुँवर,माइली तामाङ्ग, गौरीशकर शाह एवं एकल महिला सदस्य मैयाँ भारती को असामायिक निधन भएकोमा मृत आत्माको चिर शान्तीको कामना गर्दै श्रद्धासुमन व्यक्त गर्न चाहन्छु। संस्थाको कार्यकारी प्रमुखको रुपमा मैले कार्य गर्दा सबैमा समान धारणा र उचित ब्यवस्थापन भएको ठानेको छु। तर हाल तरकारी बजारमा सरकारी निकायले गरेको अनुगमन र सो पश्चात व्यवसायीहरुमा देखिएको फुटको असर थोरै सहकारीमा पनि पर्न गयो। यसै १९ औ साधारणसभा मार्फत म सदस्यहरुलाई आग्रह गर्न चाहन्छु कि सहकारी विशुद्ध रुपमा आफ्नो नीति निर्देशनमा आधारित भई वित्तिय कारोवार गर्ने संस्था हो। यस सहकारीको वारेमा प्रश्न गर्ने थलो यहि साधारण सभा भएको र अस्पष्ट कुराहरुलाई छलफल गरी स्पष्ट भएर जानु आवश्यक छ तसर्थ बन्द सत्रमा सम्पूर्ण सदस्यहरुको उपस्थितिका लागि म अनुरोध गर्दछु। साथै कतिपय व्यक्ति जो यस सहकारीको सदस्य नरहेको र निजले सहकारीको वारेमा नकरात्मक अफवाह फैलाएको खवर सुन्नमा आएको हुँदा त्यस्ता व्यक्ति र व्यक्तिका विषयमा  हामी सवै मिलेर चिरफार गरेर जानु आवश्यक छ। सहकारीको निति,विधि र कारोवारका वारेमा बहस गरौ अन्य विषयमा  यसको कुनै पनि भूमिका नरहेको र नरहने कुरा यसै सभाद्धारा स्पष्ट गर्न चाहन्छु।

संस्थाका चुनौतीहरुलाई सामना गर्दै लगानीलाई सुरक्षित र बढी प्रतिफलयोग्य बनाएर  सदस्यको हित र संस्थाको बिकासमा प्रतिबद्ध रहन सबैमा आग्रह गर्दछु। मेरो कार्यकालमा आएका चुनौतिलाई अवसरको रुपमा बदल्ने मौका पाँए सहकारीवाट प्राप्त सिकाईलाई उपलब्धीको रुपमा लिएको छु। संस्थाको आगामी कार्यक्रम र बजेट तथा लेखा प्रतिवेदनहरु एवं सदस्य हेरचाह पुस्तिका प्रति सबैबाट सुझाव आउने नै छ। प्रतिवेदनमा उल्लेखित सम्पूर्ण कार्यहरुमा कर्मचारीवर्ग तथा सम्पूर्ण सदस्यहरुको साथ -सहयोग भएर नै कार्य सम्पन्न हुनसकेको एवं भावी कार्यक्रममा सबैको सहयोगबाट संस्थाले प्रगती गर्दै जाने छ भन्ने आशा एवं विश्वास लिएको छु। संस्थाको उत्तरोत्तर प्रगतिमा टेवा पुऱ्याउनुहुने सम्पूर्ण आदरणीय शेयर सदस्यहरु,सञ्चालक,लेखा समिति,पूर्व सञ्चालक,उपसमिति तथा व्यवस्थापनका कर्मचारीहरु सवै धन्यवादका पात्र हुनुहुन्छ। तपाईहरुको सुझाव एवं सहयोग प्रति पून : एकपटक आभार व्यक्त गर्दै धन्यवाद ज्ञापन गर्दछु।

धन्यवाद !                    जय सहकारी !!

२०७५साल,मंसिर ८ गते,शनिबार
मेगा ब्याङ्क्वेट,रविभवन,काठमाण्डौं

# तरकारी फलफूल बचत तथा ऋण सहकारी संस्था लिमिटेड

कालिमाटी ,काठमाण्डौको

## १९ औं बार्षिक साधारण सभामा सदस्य सचिव श्री दुर्गालाल श्रेष्ठ ज्यूद्वारा प्रस्तुत संस्थाको प्रगति, कार्यक्रम तथा बजेट २०७४/७५

सभाध्यक्ष महोदय, प्रमुख अतिथिज्यू, बिशिष्ठ अतिथि, अतिथिगण, सदस्य महानुभावहरु, सञ्चारकर्मी लगायत उपस्थित सम्पूर्ण महानुभावहरुमा स्वागत एवं सहकारिताको न्यानो अभिवादन !

२०५६ सालमा स्थापना भई सञ्चालनमा आएको तरकारी फलफूल बचत तथा ऋण सहकारी संस्थाको १९ औं बार्षिक साधारण सभामा संस्थाको सचिवको रुपमा प्रतिबेदन प्रस्तुत गर्न पाउँदा आफूलाई गौरवान्वीत महशुस गरेको छु। २०१३ सालमा चितवनको बखान सहकारी स्थापना भई शुरु भएको नेपालको सहकारी अभियानमा हामी २०५६ सालमा तरकारी फलफूल बचत तथा ऋण सहकारी संस्था स्थापना गरी संगठीत रुपमानै सहभागी भयौं। सहकारीका जनशक्तिको कार्यक्षमता बिकास र सदस्यहरुको सक्रिय सहभागिताका साथै नेतृत्व बिकास गर्दै सहकारीका मूल्य मान्यता र सिद्धान्तमा आधारित भएर संस्था सञ्चालनमा रहेको छ। सदस्यहरुको हित-प्रबर्द्धन र सस्थाको बिकासमा आवश्यक नीतिहरु तर्जुमा गरी कार्यक्रम सञ्चालन गरेको यस सहकारीले संस्थाको प्रगति र सदस्यहरुको जीवनस्तर आर्थिकरुपले बिकास हुनुका साथै यस सहकारीको लोकप्रियता समेत बढेर गयो। हाम्रो सहकारी संस्थाको सुदृढ आर्थिक अवस्था, एउटै पेशामा आबद्ध सदस्यको मात्र सहभागिता, सदस्यहरुको आयआर्जनमा सहयोगि र सामाजिक बिकास एवं सांस्कृतिक रुपान्तरणमा अविभावकत्व लिएको हुंदा हामी सबै मिलेर सहकारीलाई अगाडि बढाउनु अपरिहार्य छ। हामी सबैले शंका, तिरस्कार, शंकिर्णता र आबेगलाई त्याग्नै पर्छ र यसैमा सबै सदस्यहरुको हित हुने अनुरोध गर्न चाहन्छु। हाल सहकारी सञ्चालनको लागि आएको नयाँ ऐन र अव बन्ने नियमावलीको आधारमा हामी पनि अघि बढ्नुपर्ने भएको छ।

**उपस्थित सदस्य महानुभावहरु !**

हाम्रो सञ्चालक समिति २०७४ पौष ७ मा सम्पन्न निर्वाचनबाट चुनिएर सचिवको जिम्मेवारी पाएको हुँ भने सहकारीमा मेरो समितिमा रहेको दोस्रो अनुभव हो। अब म आ.व. २०७४/७५ मा संस्थाले गरेको कार्यको प्रगति प्रतिवेदन प्रस्तुत गर्ने अनुमती चाहन्छु।

### १. व्यवस्थापन :

यस कार्यकालमा संचालक र लेखाका बैठकहरु छुट्टै गरिए। सल्लाहकार मण्डलको समेतको ब्यवस्था गरि आवश्यक परामर्श लिने गरिएको छ। संस्थाले लगानी गर्ने कर्जाका लागि ऋण उपसमितिका बैठकहरु बसेका छन्। शिक्षा उप-समितिको गठन भएको छ भने शिक्षा उपसमितिद्धारा विभिन्न्न कार्यक्रमको आयोजना गरेको छ। संस्थामा आवश्यक कार्यालय सामानको खरिद तथा मर्मत संभार गर्ने र आवश्यक जनशक्तिको

ब्यवस्थापन भएको छ। संस्थामा अध्यक्ष कार्यकारी प्रमुख भएको र निजको मातहतमा रहने गरी १५ जना कर्मचारीको व्यवस्था गरिएको छ। हालसम्म बजार विकास समितिको भवनमा भाडाको कार्यालय सञ्चालन भईरहेको छ।

## २ वित्तिय अवस्था:

यस सहकारी संस्थाको सदस्य बिस्तार र शेयर रकम थप भएबाट आ.व.२०७४/७५ को अन्तसम्म शेयर रकम रु.५,१८,३०,५०० पुगेको छ। संस्थाको बचत कारोवारलाई सहजरुपले सदस्यहरुलाई सेवादिने प्रयत्न गरिएको र सरल प्रक्रियामा शुलभ ब्याज दरमा कर्जा उपलब्ध गराईएको छ। बैक तथा वित्तिय संस्थामा देखिएको तरलता अभावले बजारमा कर्जा तथा बचतको व्याजदर उच्चबृद्धि भएता पनि हाम्रो संस्थाको कारोवारमा खासै असर भएन। सदस्यहरुको संस्थाप्रतिको अपनत्व र विश्वासले हामी निरन्तर अघि बढ्न सक्यौ। तरतला अभाव हुन नदिन रु १ करोड,५० लाख वरावरको रकम विशेष बचत मार्फत संस्थाले संकलन गर्न सफल भएको जानकारी गराउन चाहन्छु। बर्तमान सदस्यहरुको माग र आवश्यकतालाई ध्यानमा राखी भ्रमण तथा मनोरन्जन, गहना र चाडपर्व बचतको शिर्षकहरु राखी बचत संकलन गरिएको छ। संस्थाको सुढृढ हुदै गएको ३ बर्षका वित्तिय विवरण तपशिल बमोजिम रहेको जानकारी गराउँन चाहन्छु।

| विवरण | आ.व. २०७२/७३ | आ.व. २०७३/७४ | आ.व. २०७४/७५को वास्तविक | प्रस्तावीत गरिएको ७४/७५ मा | औचित्य |
|---|---|---|---|---|---|
| शेयर | ४,३१,९५,६०० | ४,५६,००,६०० | ५,१८,३०,५०० | ५,००,००,००० | सदस्य बृद्धिबाट, शेयर थप |
| जगेडा तथा अन्यकोष | २,४७,८५,६३१ | ३,०८,०७,४२४ | ४,१०,९९,२८१।४७ | ३,५०,००,००० | बचत (मुनाफा) बृद्धिबाट |
| निक्षेप बचत | २२,८४,०८,३२५ | २४,९४,१४,४३२ | २८,९२,४६,९६०।५७ | २७,५०,००,००० | सेवामा र सदस्य बृद्धि |
| अन्य दायित्व | १,२०,८६,९२१ | १,४०,४१,०५६ | २,१५,८७,६३३।१८ | १,६०,००,००० | कारोवार बृद्धिसँगै |
| कर्जा तथा सापटी | २३,३५,१९,६५४ | २४,९९,८६,४७७ | २९,१३,७२,३७९। | २७,००,००,००० | लगानी र क्षेत्र थपबाट |
| नगदतथाबैंक मौज्दात् | ६,९२,१९,९०९ | ८,२३,६६,८५१ | ७,६३,३९,६८८।४१ | ५,००,००,००० | लगानी बढ्न जाने |
| लगानी हिसाव | १०,२३,००० | ११,१२,००० | ११,२०,०००। | २०,००,००० | आवद्धता र शेयर थप |
| स्थिर सम्पत्ति | ४,४६,७१७ | ७,३४,८९८ | २,८७,७४,७२५।९७ | ३,५०,००,००० | सम्पत्ति खरिद गरिने |

| | | | | | |
|---|---|---|---|---|---|
| अन्य सम्पत्ति | ४२,६७,१९८ | ५६,६३,२८७ | ६१,६५,५८१।८४ | ७०,००,००० | कारोवार बृद्धिसँगै |
| कुल आम्दानी | ३,४८,८७,४३७ | ३,७९,१६,४१८ | ४,२८,५७,४२५।७७ | ४,००,००,००० | लगानी बृद्धिबाट |
| कुल खर्च | २,०६,३०,६१७ | २,१३,६८,२२४ | २,४२,४२,६३२।८६ | २,३०,००,००० | कारोवार बृद्धिसँगै |
| वितरित लाभांश | १५%(प्र) | १०%(प्र) | १४%(प्र) | १०% | कोष बृद्धि |

## ३. अन्य कार्यक्रम :

संस्थाले सदस्यता प्रदान गर्नु अघि अनिवार्य सहकारी अभिमुखिकरण तालिममा सहभागी हुनुपर्ने ब्यवस्था गरेर पटक-पटक तालिम आयोजना गरेको छ। प्रत्येक महिना सदस्यता खुला गरिएको छ भने प्रत्येक महिनानै अभिमुखीकरण तालिममा सहभागी गराई सदस्ता प्रदान गरिएको छ। सदस्यहरुको पसलको भाडा भाडा बचत मार्फत बजार विकास समितिमा बुझाइएको छ। यस वर्ष सञ्चालक र लेखाका पदाधिकारीहरुको निर्वाचन पश्चात तालिम एवं अवलोकन भ्रमणका लागि अन्तराष्ट्रिय व्राण्ड प्राप्त ललितपुरको कल्याणकारी साकोसको विशेष अवलोकन भ्रमण गरियो। त्यसैगरी महिला सदस्यहरुलाई प्राथमिकतामा राखी महिला सदस्यहरुलाई ललितपुरकै ठेचो जागरण महिला साकोसको अध्ययन अवलोकन गराई बज्रबाराही मन्दिरको दर्शन साथै बनभोज कार्यक्रममा पनि सामेल गरिइयो। यसवर्ष पनि बार्षिक क्यालेण्डर  छपाई गरी वितरण गरिएको छ। सदस्यलाई स्वास्थ्य उपचारका लागि हप्ताको २ पटक कार्यालय परिसरमै निशुल्क प्राथमिक स्वास्थ्य जाँच तथा निशुल्क औषधी वितरणको व्यवस्था  गरिएको छ। जेष्ठ सदस्य र एकल महिलाको सम्मानमा वार्षिक २ हजारका दरले भत्ता वितरण गरिएको छ। सदस्यका छोरा-छोरीले एस.ई.ई. मा ए र ए+ ग्रेडमामा उतिर्ण गर्दा शैक्षिक पुरस्कार स्वरुप प्रशंसा-पदकबाट  बिभुषीत गरिएको छ। सदस्यका बालबालिकाको बचतलाई प्रोत्साहित गर्दै उनीहरुको बिकास एवं मनोरञ्जनका लागि प्रतियोगितात्मक सांस्कृतिक कार्यक्रम आयोजना गर्नुका साथै महिला सदस्य सुत्केरी भत्ता वापतको रकम वितरणले पनि निरन्तरता पायो । सहकारी दिवस समारोहमा संस्थाको सहभागिता राम्रो रहँदै आएको छ। सहकारी संस्थाको बार्षिक-उत्सव माघ २१ गते संस्थापक सदस्यहरुलाई सम्मान गरी केक काटेर मनाइयो। तरकारी बजारभित्र क्रियाशिल संघ संस्थासँग मिलेर रक्तदान कार्यक्रम पनि सम्पन्न गरियो।

## सदस्य महानुभावहरु,

संस्थाले आ.व.२०७४/७५ भित्र १३२४ जना शेयर सदस्य बनाएर शेयरमा बृद्धि गरी अझै लगानीको दायरा बढाएका छौं। सदस्य-बचत र कर्जा लगानी समेत बृद्धि भएको छ। समितिहरुका बैठक नियमित गर्ने, कर्मचारीको अवकाश तथा भर्नालाई आवश्यकता अनुसार पदपूर्ति गर्दै जाने,तह र जिम्मेवारी अनुरुपको तालिम एवं कार्यक्रममा सहभागिताको लागि अवसर प्रदान गर्ने, ग्रिनकार्ड थप गर्ने र महत्वपूर्ण बिभिन्न चाडपर्व  र नयाँ बर्षमा शुभकामना जस्ता कार्यक्रम सम्पन्न गरिएको छ। २०७२ सालमा वर्ष सदस्य घोषण गरिएका श्री भरत

प्रसाद खटिवडा ज्यूलाई उहाँले सहकारीमा पुऱ्याउनु भएको योगदानको कदर गरि स-सम्मान बिधाहि गरियो। साथै २०७४ सालको १८ औं वार्षिक साधारण सभामा अर्का सदस्य श्री भगवान चन्द्र उप्रेती ज्यूलाई वर्ष सदस्य घेषणा गरियो। कर्मचारीलाई हौसला बढाउने उदेश्य स्वरुप कर्तव्य निष्ठ र अनुसासित कर्मचारीलाइए पुरस्कृत कर्मचारीहरुको लागि कर्मचारी नियमावलीमा उल्लेख भए अनुरुपको उपदान कोष खडा गरी आ.वको अन्तिम १ महिनाको तलव बरावर हुन आउने  रकम कोषमा प्रत्येक वर्ष खर्च लेखी जम्मा गर्ने निर्णय गरी कोष छुट्याइएको छ। प्रकृतिप्रकोप कोष खडा गरीसो कोषका लागि प्रत्येक सदस्यहरुबाट बार्षिक रु.१०० कट्टा गरिएको छ। सहकारी संस्थाको राजस्व दाखिला तथा सम्बन्धीत निकायहरुमा बिवरणहरु समयमानै बुझाउने गरिएको छ। रेमिटान्स सञ्चालन गरी सदस्यहरुलाई सेवा प्रदान गरिएको छ । सहकारी संस्थाले विभागवाट राजश्व छुट गरी भवन निर्माणका लागि जग्गा खरिद गरी स्थिर सम्पत्ति बृद्धि गरेको छ।

## अध्यक्ष महोदय एवं सदस्य महानुभावहरु,

अव म संस्थाको आ.व.२०७५/७६ को कार्यक्रम प्रस्तुत गर्ने अनुमति चाहन्छु।

### १. सदस्यता :

प्रत्येक महिनाको पहिलो शुक्रबार सदस्यता फारम भर्ने र अन्तिम शुक्रबार सहकारी अभिमुखीकरण तालीममा सहभागी गराएर प्रत्येक महिनाको बैठकबाट सदस्यता प्रदान गर्ने ब्यवस्थाले निरन्तरता पाउने छ। एक सदस्य एउटै प्रकृतिको एक संस्था मात्र कार्यक्रम लागू गरिने छ।। सदस्यलाई सक्रिय सदस्य वन्न उत्प्रेरित गरी उनीहरुको सक्रियतावाट प्रतिस्पर्धीरुपमा संस्थालाई अगाडि बढाइने छ। सदस्यता फिर्ता गर्न चाहने सदस्यहरुले आवेदन भरी सञ्चालक समितिको बैठकमा पेश पश्चात स्वीकृत गराई मात्र फिर्ता लिन सक्नेछ भने २०७५/०३/३१ भन्दा पहिला सदस्यता प्राप्त सदस्यहरुले सदस्यता त्याग गर्दा अनिवार्य रुपमा १ कित्ता शेयर बरावर रु २ को दरले घरजग्गा भवनकोषमा योगदान गर्नुपर्नेछ, त्यसैगरी नयाँ प्रवेशी सदस्यहरुले पनि सदस्यता प्राप्त गर्दा प्रति कित्ता रु २ का दरले घर जग्गा भवनकोष वापतको शुल्क तिर्नु बुझाउने व्यवस्था लागू गरिनेछ।

### २. बचत कार्यक्रम :

सदस्यहरु बीचमा बचत कार्यक्रमलाई प्रभावकारी बनाई एक सदस्य एक संस्थासंग मात्र कारोवार गर्ने ब्यवस्था लागू गरिनेछ। काठमाण्डौका बिभिन्न तरकारी बजारहरुमा सदस्यता विस्तार गरेर कारोवार बढाइने छ। सदस्यको बचतको ब्याज दरलाई प्रतिस्पर्धी बनाउन बजारको अध्ययन गरी निर्धारण गरिने छ। यसरी निर्धारण गरेको ब्याज दरलाई संचालकबाट निर्णय भई सूचना**द्वारा** सदस्यहरुमा जानकारी गराइने छ। सदस्यता बचतको रकम मासिक न्युनतम १००० देखि ५००० सम्म गरिनेछ भने भुक्तानीमा १० प्रतिशतका दरले संस्थाको वर्ष गणना गरी मौज्दात रकम राखी भुक्तानी गर्ने विधिलाई यथावत राखिने छ। हाल तपशील बमोजिम संस्थाको व्याजदर रहेको कुरा जानकारी गराउदछु।

| शिर्षक | ब्याज दर | शिर्षक | ब्याज दर | शिर्षक | ब्याज दर | शिर्षक | ब्याज दर | शिर्षक | ब्याज दर | शिर्षक | ब्याज दर |
|---|---|---|---|---|---|---|---|---|---|---|---|

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| मेगा बचत | ५ % | महिला बचत | ७ % | सदस्यता बचत | ७ % | भ्रमण, चाडपर्व, मनोरन्जन | ८ % | भाडा बचत | ४ % | प्रीमियम बचत | ४ % |
| साधारण बचत | ६ % | बाल बचत | ८ % | आबधीक बचत | १०% | | | | | | |

**साथै आ.व २०७५/०७६ को श्रावण महिनावाट लागु हुने गरी बचत शिर्षकहरुमा तपशिल बमोजिमको व्याज बृद्धि गरिएको सञ्चालक समितिको निर्णयलाई अनुमोदन लागि प्रस्ताव पेश गरेको छु।**

| शिर्षक | ब्याज दर | शिर्षक | ब्याज दर | शिर्षक | ब्याज दर | शिर्षक | ब्याज दर | शिर्षक | ब्याज दर | शिर्षक | ब्याज दर |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| मेगा बचत | ५ % | महिला बचत | ७.५ % | सदस्यता बचत | ७ % | भ्रमण, चाडपर्व, मनोरन्जन | ८ % | भाडा बचत | ४ % | प्रीमियम बचत | ४ % |
| साधारण बचत | ७ % | बाल बचत | ८ % | आबधीक बचत | ११, १२, १३ % | | | | | | |

## ३. कर्जा कार्यक्रम

यस संस्थाले सदस्यहरुलाई सामुहिक जमानी र घर जग्गा धितोमा कर्जा लगानी गरेको छ। सदस्यहरुका एकाघर सगोलका परिवारमा सामुहिक जमानी कर्जा २ जना सदस्यहरु सम्मले मात्र एक समयमा प्रयोग गर्न सक्नेछन्। ग्रिनकार्ड सदस्यलाई सामुहिक जमानी कर्जाको सीमा र अबधी थपको सुबिधा यथावत गरिएको छ। कर्जा असुली व्यवस्थित गर्न साक्षी जमानीलाई सजग गराउने र साक्षी जमानीको बचत एवं शेयर रोक्का गर्ने तथा आवश्यक कानूनी कारवाही अगाडि बढाईने गरी कर्जा कार्यक्रम तर्जुमा गरिएको छ। संस्थाका सदस्यहरुको धितो कर्जालाई प्रत्येक वर्ष नविकरण गर्ने गरी नियमित किस्ता आउने र उपयुक्त धितोमा पूँजीकोषको आधारमा कर्जा सीमा र कर्जा रकमका आधारमा किस्ता योजना राखिने छ। सबै कर्जाको सेवा शुल्क १ प्रतिशत र भवन कोष वापत ०.१ प्रतिशत लाग्नेछ। धितो कर्जाको नविकरण शुल्क ०.५ प्रतिशत र सामुहिक जमानिको कर्जामा १ प्रतिशतका दरले नै नविशरण शुल्क लाग्नेछ। एउटा समुहको कर्जा एकतिहाई रकम र समयाबधी सकिएपछि मात्र अर्को समुहको कर्जा थप लिने बिधि तर्जुमा गरिएको छ। कृषि कर्जामा २ प्रतिशत ब्याज छुट र ३ महिना पछिको सांवा किस्ता रहने तथा कृषि कर्जामा धितोका लागि काठमाण्डौं उपत्यका र आसपासका काभ्रे, सिन्धुपाल्चोक, मकवानपुर, धादिङ्ग र नुवाकोटको घर-जग्गा मान्य हुने कुरा यथावत राखिएको छ। साथै शैक्षिक कर्जामा ६ महिना पछिको सांवा किस्ता रहने छ। शेयर सापटी कर्जाको समय गुजारी आर्थिक बर्षभरीमा

३ पटक बिलम्ब तिरेमा शेयर सापटी कर्जा पुनः लगानी गरिने छैन। एक शिर्षकको कर्जा लगानी गरेको १ बर्ष नपुगी पुन कर्जा थप गरिने छैन। कर्जाको ब्याजदर पनि बचतको झैं बजार अध्ययन र लागतविश्लेषण गरी सदस्यहरुलाई सहुलियत हुनेगरी तोकिने छ र थपघटको निर्णय भई सुचनाद्वारा सदस्यहरुमा जानकारी गराइने छ। १० लाख भन्दा माथिको धितो मूल्याङ्कन प्राविधकवाट गराइनेछ भने कार्यालयका आधिकारीक कर्मचारी एवं पदाधिकारीवाट घर जग्गा निरिक्षण गरी रिर्पोटलाई अनिवार्य गरिनेछ। प्राविधिक मूल्याङ्कन गर्दा लाग्ने शुल्क सदस्य स्वंमको हुनेछ भने कार्यालयवाट भएको आधिकारीक निरिक्षणमा यातायात खर्चको व्यवस्था कार्यालयले गरेको छ।

**हाल तपशील बमोजिम संस्थाको कर्जाको व्याजदर रहेको कुरा जानकारी गराउदछु।**

| शिर्षक | ब्याज दर | शिर्षक | ब्याज दर | शिर्षक | ब्याज दर | शिर्षक | ब्याज दर | शिर्षक | ब्याज दर |
|---|---|---|---|---|---|---|---|---|---|
| सापटी | ० % | वाणिज्य कर्जा | १२ % | व्यावसायिक कर्जा | ११ % | रिभल्भिङ्ग कर्जा | १४ % | कृषि कर्जा | १२ % (२ % सहुलियत) |
| व्यापार कर्जा | १३ % | घर जग्गा कर्जा | ११ % | रेभो विजनेश | १३ % | | | | |

साथै आ.व २०७५/०७६ को श्रावण महिनावाट लागु हुने गरी कर्जा शिर्षकहरुमा तपशिल बमोजिमको व्याज बृद्धि गरिएको सञ्चालक समितिको निर्णयलाई अनुमोदन लागि प्रस्ताव पेश गरेको छु।

| शिर्षक | ब्याज दर | शिर्षक | ब्याज दर | शिर्षक | ब्याज दर | शिर्षक | ब्याज दर | शिर्षक | ब्याज दर |
|---|---|---|---|---|---|---|---|---|---|
| सापटी | ० % | वाणिज्य कर्जा | १३ % | व्यावसायिक कर्जा | १२ % | रिभल्भिङ्ग कर्जा | १५ % | कृषि कर्जा | १३ % (२ % सहुलियत) |
| व्यापार कर्जा | १४ % | घर जग्गा कर्जा | १२ % | रेभो विजनेश | १४% | | | | |

## ४. अन्य लगानी :

सहकारीको दीर्घकालिन उद्देश्य प्राप्तीका लागि आवश्यक रहेका कृषि बजारको अवधारणालाई साझेदारी कार्यक्रमको रुपमा र कृषि उत्पादनमा गरिने लगानीलाई कृषि फार्म अथवा क्षेत्र बिशेष वा बस्तु बिशेषको उत्पादन योजना तर्जुमा गरी कृषकसम्म पुगिने छ। संयुक्त सहकारी ब्यवशायका परियोजनामा लगानी गरिनेछ। सदस्यहरुको लगानीमा कृषि बजारको अवधारणालाई विशेष प्राथमिकतामा राखिएको छ।

## ५. व्यवस्थापन :

सहकारीको कारोवारलाई व्यवस्थित बनाईने छ। संस्थाका समितिहरुलाई बढी क्रियाशील बनाउने र साबिकको समितिको प्रति बैठक भत्ता रु.३०००। यथावत राखिनेछ साथै मासीक पत्रपत्रिका रु.१,०००।- र सञ्चार सुबिधा रु.५००।- खर्च भने सञ्चालक समितिको बैठक बसी समितिमा सदस्यको उपस्थित रहेको खण्डमा मात्र उपलब्ध गराइने प्रस्ताव पेश गरिएको छ। सहकारीका सबै कामहरु उपसमितिहरु गठन गरी सो मार्फत सम्पन्न गर्ने प्रस्ताव गरेको छु। उपसमितिको प्रति बैठक भत्ता रु.१०००। यथावत गरिएको छ। ऋण उपसमितिको बैठकहरु कम बस्ने गरी प्रबन्ध सञ्चालकले रु.२ लाख सम्मको ऋण स्वीकृत गर्ने र सो भन्दा माथिको रु.२५ लाख सम्मको ऋण उपसमितिको बैठकबाट स्वीकृत गर्ने एवं प्रबन्ध सञ्चालकको ऋण स्वीकृतलाई अनुमोदन तथा रु.२५ लाख माथिको ऋण स्वीकृतका लागि सञ्चालक समितिलाई शिफारिस गर्ने ब्यवस्था यथावत गरिएको छ। त्यसैगरी सहकारी सञ्चालनमा महत्वपूर्ण सल्लाह एवं मार्गनिर्देशका लागि गठन गरिएको सल्लाहकार ४ र कानूनी सल्लाहकार १ समेतको सल्लाहकार-मण्डलको प्रति बैठक भत्ता रु.१,५००।- र मासीक सञ्चार सुबिधा रु.५००।- खर्च साथै अध्यक्षको रु. १५,०००। र सचिवको रु.१०,०००। मासिक भत्ता पाउने व्यवस्थालाई यथावत राखीएको छ। सञ्चालक समितिबाट कार्यकारी प्रमुख भई कुशलतापूर्वक दैनिक कार्य गर्ने गरी प्रबन्ध संचालकले मासिक तलब रु.२५,०००।-, दशैं खर्च र पोशाक भत्ता पाउने प्रस्ताब गरिएको छ। मासिक नियमित कार्यसमितिको वैठकलाई व्यवस्थित र फलदायी बनाउन बैठक सञ्चालन विधि बनाएर कार्यन्वयनमा ल्याइनेछ। सहकारीको कार्यालयलाई आवश्यक उपकरण एवं साधन र जनशक्ति थप व्यवस्था गरी कार्यालय र सेवा सहज बनाईने छ। कर्मचारीहरुको आचारसंहिता सहित कार्यविवरण तयार गरी वितरण गर्ने र सोही अनुरुपका कारवाही अगाडी बढाइनेछ। संस्थाको कार्यालय प्रयोजनका लागि जग्गा खरिद गरीएकोमा भवन बनाउने मापदण्ड असहज साथै वर्तमान बजारको परिस्थितिलाई मध्यनजर गर्दै जग्गा विक्रि गरी बजारको अवधारणा ल्याई सो मा लगानी गरिनेछ। वर्तमान कार्यलयलाई व्यवस्थित गर्न बजार विकास समितिको बहुउद्देश्यिय भवनमा कार्यालय सारिनेछ। संघिय, प्रादेशिक र स्थानीय सरकारको नियममा पर्ने विधि र प्रक्रियालाई अवलम्वन गर्दै अगाडी बढिने छ।

## ६. विविध कार्यक्रम :

संस्थाको आगामी बर्षका लागि निर्धारित कार्यक्रममा तालीम, गोष्ठी र भ्रमणलाई प्राथकितामा राखिएको छ। शिक्षा उपसमिति मार्फत तालीम गर्ने र सहकारी अवलोकन भ्रमण गराएर सहकारी सम्बन्धी ज्ञान र कार्यक्षमता बढाउने योजना रहेको छ। संस्थाको वार्षिक उत्सवलाई विविध कार्यक्रम गरि सम्पन्न गरिने छ। वार्षिक साधारण सभाको खर्चमा कमी ल्याइनेछ। यूवाका लागि खेलकुद, ब्यायम जस्ता कार्यक्रम गरिने छ। महिला सदस्य सुत्केरी हुँदा रु. ३ हजार सुत्केरी भत्ता र बाल-बचतकर्तालाई अतिरिक्त क्रियाकलापका प्रतियोगितात्मक कार्यक्रम गर्ने; शैक्षिक पुरस्कार, अपाङ्गता शैक्षिक सहयोग, स्वास्थ्य सहायता, जेष्ठसदस्य सम्मानको समाजिक सुरक्षा, प्राथमिक उपचार लगायत दुर्घटनाबाट मृत्युको १ लाख आर्थिक सहयोगले

निरन्तरता पाउने छ। सदस्यहरुको सुझावलाई संकलन गर्ने उद्धेश्य स्वरुप सुझावपेटिकाको व्यवस्था गरिनेछ। आ.व. २०७४/०७५ को मुनाफाबाट १४ प्रतिशत लाभाशं बितरणका लागि प्रस्ताव पेश गर्दछु। संरक्षित पूजीकोष फिर्ता रकम र लाभांश वितरणवाट बाँकी रकम जगेडा कोषमा नै रहनको लागि प्रस्ताव पेश गरेका छु भने अन्य कोषहरुमा छुट्याइएको प्रतिशतकै आधारमा रकमलाई बितरणका लागि समेत प्रस्ताव गर्दछु।

**अध्यक्ष एवं सदस्य महानुभावहरु ,**

गत आर्थिक बर्षको लक्ष्य तथा प्रगतिमा आधारित एवं आर्थिक बर्ष २०७५/७६को कार्यक्रमले निर्धारित गरेको बजेट प्रस्तुत गर्दछु।

| विवरण | गतबर्ष प्रगति % | आ.व२०७४/७५ | | | प्रस्तावीत |
|---|---|---|---|---|---|
| | | लक्ष्य | बास्तविक | प्रगति % | २०७५/७६ |
| शेयर | १०१.३ | ५,००,००,००० | ५,१८,३०,५०० | १०३.६६ | ५,५०,००,००० |
| सदस्य बचत | ९९.७६ | २७,५०,००,००० | २८,९२,४६,९६१ | १०५.१८ | ३२,००,००,००० |
| कर्जा तथा सापटी | ९६.१४ | २७,००,००,००० | २९,१३,७२,३७९ | १०७.९१ | ३२,००,००,००० |
| लगानी हिसाव | ९९.११ | २०,००,००० | ११,१२,००० | ५५.६० | २०,००,००० |
| स्थिर सम्पत्ति | २.८३ | ३,५०,००,००० | २,८७,७४,७२५ | ७८.३६ | ३,५०,००,००० |
| कुल आम्दानी | १०२.४८ | ४,००,००,००० | ४,२८,५७,४२५ | १०६.६६ | ५,००,००,००० |
| कुल खर्च | ९७.१२ | २,२०,००,००० | २,४२,४२,६३२ | १०९.२५ | ३,००,००,००० |
| बचत (मुनाफा) | ११०.३२ | १,७०,००,००० | १,८६,१४,७९३ | १०८.६६ | २,००,००,००० |

यसरी माथिको विवरणवाट शेयर पूँजी लक्ष्य भन्दा ३.६६प्रतिशतले बृद्धि भएको देखिन्छ। त्यसैगरी बचत संकलन ५.१८ कर्जा लगानी ७.९१ तरलता २६.३९ आम्दानी ६.६६ खर्च ९.२५ प्रतिशत भई सञ्चालन मुनाफा ८.६६ प्रतिशतले बृद्धि भएको देखिन्छ।

**अन्त्यमा**,

यस संस्थामा निरन्तर सहयोग गर्ने समिति/उपसमिति-सदस्य, सल्लाह एवं सुझाव प्रदान गर्ने सल्लाहकारज्यू,पूर्व पदाधिकारी, कार्यक्रममा साथ दिने शेयर सदस्य एवं इमान्दार र लगनशील कार्य गर्ने कर्मचारी वर्ग तथा शुभचिन्तकहरुमा धन्यवाद दिन चाहन्छु साथै भविष्यमा समेत सम्पूर्णको सहयोग, सुझाव र संलग्नताको आशा गर्दछु।

धन्यवाद ! जय सहकारी !!

२०७५साल,मंसिर ०८ गते,शनिबार

मेगा ब्याङ्क्वेट,रविभवन ,काठमाण्डौं

# तरकारी फलफूल बचत तथा ऋण सहकारी संस्था लिमिटेड

## कालिमाटी ,काठमाण्डौको

## १९ औं बार्षिक साधरणसभामा लेखा संयोजक श्री रामकृष्ण नेपाल ज्यूले प्रस्तुत गर्नु भएको

## आ.ब.२०७४/७५को लेखा समितिको प्रतिवेदन

अध्यक्ष महोदय, संचालक एवं लेखा पदाधिकारी तथा सम्पुर्ण सदस्यज्यूहरु एवं कर्मचारी वर्गमा सहकारी अभिवादन !

हामी तरकारी फलफूल बचत तथा ऋण सहकारी संस्था लिमिटेडको आठौं कार्यकालको मिति २०७४/०९/०१ गतेको चुनावी साधारणसभावाट नयां नेतृत्व चयन भई १९ औं बार्षिक साधारण सभामा छौं। त्यसो त यो मेरो सहकारीमा पहिलो अनुभव भने होइन विगत वर्षहरुमा पनि लेखा संयोजक भई जिम्मेवारी समाल्ने मौका प्राप्त भईसकेको छ। अव भने म संस्थाका गतिविधिहरुलाई लेखासमितिको तर्फबाट तपशील बमोजिम उल्लेख गर्न चाहन्छु।

१) संस्थामा  लेखा समितिको बैठक छुट्टै बसी संस्थामा भए गरेको काम कारबाहीको जानकारी लिने, हिसाब जांच गर्ने साथै बर्षभरीका आय -व्ययका वील भौचरहरु हेर्ने तथा सबैलाई अध्याबधिक गराउने गरेका छौं। सञ्चालक समितिको मासिक बैठक नियमित रुपमा र अन्य आवश्यकता अनुसार थप बैठक बस्ने गरेको छ। आवश्यकता अनुसार ऋण उपसमितिको बैठक बस्ने गरेको छ। शिक्षा उपसमिति गठन भएको छ। बिभिन्न कार्य सम्पादन गर्न  कार्य-निर्धारण गरेर सञ्चालक समितिको संयोजकत्वमा अन्य उपसमितिहरु गठन भई बैठक भएका छन्। सल्लाहकार मण्डलको ब्यवस्था भई छुट्टै पनि बैठक बसेर सल्लाह लिने गरिएको छ।

२) १८ औं  बार्षिक साधरणसभा सम्पन्न भएको छ। साधारण सभाका निर्णय अधिकांश कार्यान्वयन भएका छन्। संस्थाको कारोबारलाई करसँग मेल खाने गरि कायम गर्न  कर्मचारी तलब, बैठक एवं पत्रपत्रिका भत्ता, व्याज खर्च, घरबहाल, सेवाशुल्क, लाभांश लगायतमा कर कट्टी गर्ने एवं आयकरको व्यवस्था गरि समयमा फर्छ्यौट गर्ने गरिएको छ।

सहकारी कार्यालय/बिभागमा संस्थाको मासीक/बार्षिक बिवरण बुझाउने गरेको छ। आर्थिक कारोवारका आय -व्ययका वील भौचरहरुको आधिकारीक दस्तखत प्रबन्ध सञ्चालक जो हाम्रो अध्यक्ष स्वंयबाट हुने गरेकोले संचालक समितिलेनै सहकारीको सम्पत्ती तथा खर्चसँग पूर्ण जवाफदेहीता राखेको छ।

३) संस्थाको सदस्यहरुलाई कर्जा लगानीका लागि बिनियममा ब्यवस्था भएबमोजिमको पदेन ऋण उपसमितिको बैठक बस्ने गरेको र कर्जा नीति एवं साधारण सभाले पारीत गरेका आधारमा सामूहिक

जमानी र घर/जग्गा धितोमा निर्दिष्ट सीमा भित्र लगानी गरिएको छ। कर्जाको अवस्थाको वर्गिकरण गरी जोखिम कोषको ब्यवस्था गरिएको र समयमा असुल नभएका कर्जा प्रतिशत १.२२ रहेको छ।

४) संस्थाको समिति बैठक खर्चमा १८ औं बार्षिक साधरण सभा पछि प्रति बैठक भत्ता रु.३०००,मासिक पत्र-पत्रिका रु.१०००। एवं टेलिफोन रु.५०० तथा उपसमिति बैठक खर्चमा प्रति बैठक भत्ता रु.१०००, एवं सल्लाहकारको खर्च प्रति बैठक भत्ता रु.१५००, र मासिक टेलिफोन रु.५०० हुने गरेको र सबै बैठकमा सामान्य खाजा खाने ब्यवस्था कायमै छ। प्रबन्ध सञ्चालकको रुपमा मासीक रु.२५,००० र अध्यक्ष मासीक भत्ता रु. १५,००० अध्यक्षलाई र सचिवलाई मासीक भत्ता रु. १०,००० को ब्यवस्था रहेको छ। कर्मचारीले काम छोडेपछी र थप आवश्यकता भई कर्मचारी छनौट उपसमितिको गठन गरी परिक्षा लिएर कर्मचारी भर्ना गर्ने क्रम यसबर्ष पनि भएको छ। संस्थामा आंशीक समयका, करार, अस्थाई र स्थाई कर्मचारीहरु रहेका छन।

५) संस्थाले कर्मचारी प्रशासनिक, आर्थिक, सदस्यता, बचत-ऋण र कोष परिचालन नीतिहरु बनाएर कारोवार गरेको छ। संस्थाको बार्षिक योजना तयार भएर कारोवार संचालन भएको र बार्षिक योजना तयार गर्दा सदस्यहरुका राय सल्लाहहरु समेट्ने गरी बैशाख देखि योजना तर्जुमा छलफल गर्ने गरिएको छ। यस बर्षको बार्षिक योजनाको लक्ष्यमा राम्रो प्रगती भएको छ।

अब , संस्थाको २०७४ श्रावण १ देखी २०७५आषाढ ३१ सम्मको आय-ब्यय बिवरण प्रस्तुत गर्दछु।

| आम्दानी शिर्षक | आम्दानी रकम | खर्च शिर्षक | खर्च रकम |
|---|---|---|---|
| १. बैंकबाट ब्याज | ६१,४८,९०१.०१ | १. ह्रासकट्टी खर्च | २,२५,६५०।५९ |
| २. कर्जाबाट ब्याज | ३,२४,५८,९१८.०० | २. बचतमा ब्याज | १,५८,२४,०८०।०० |
| ३. कर्जा सेवा शुल्क | २८,३९,८५०.०० | ३. विबिध कार्यक्रम खर्च | २,२३,०१६।०० |
| ४. कर्जा नवीकरणशुल्क | ८,८५,३७१.०० | | २३,५६०।०० |
| ५. अन्य विबिधबाट आम्दानी | ७६,७७२.४९ | ४. मर्मत तथा संभार | ८,०६,४५०।०० |
| ७. ६.शेयर लाभांश | १,४२,४७१.७४ | ५. व्यवस्थापन खर्च | ४१,८९,५३४।०० |
| ७.कर्जा जोखिम कोष फिर्ता | ७,८९,०६३.८९ | ६. कर्मचारी खर्च | १६,३५,६१४।१६ |
| ८.रेमिट कमिसन | ३,०५,१४१.७६ | ७. कर्जाकोष खर्च | २१,०३,७९२।०० |
| | | ८. अन्य सञ्चालन खर्च | |
| **कुल आम्दानी** | **४,३६,४६,४८९.४०** | **कुल खर्च** | **२,५०,३१,६९६।७५** |
| लाभकरपछिको शेयरवाट प्राप्त लाभांश | (१,४२,४७१।७४) | | |
| क) सञ्चालन नाफा/नोक्सान(क-ख) | | | १,८६,१४,७९२।६५ |

| | |
|---|---|
| ख) आयकर ब्यवस्था २२०५ | (३६,९४,४६४.१८) |
| ग) यस बर्षको शुद्ध बचत ( खुद मुनाफा) | १,४७,७७,८५६.७३ |
| घ)साधारण जगेडा कोषमा सारेको रकम २२५५ | ३७,३०,०८२.१२ |
| ङ) अन्य कोष बांडफांडका लागि उपलब्ध रकम | १,११,९०,२४६.३५ |
| **अन्य कोष बांडफांड** | |
| शेयर लाभांश कोष ६५ | ७२,७३,६६०.१३ |
| संरक्षितपूंजि फिर्ता कोष २५ | २७,९७,५६१.५९ |
| कर्मचारीबोनश कोष ५ | ५,५९,५१२.३२ |
| सदस्य शिक्षा कोष २.५ | २,७९,७५६.१६ |
| संस्था विकास कोष १ | १,११,९०२.४६ |
| घाटा पूर्ति कोष १ | १,११,९०२.४६ |
| सहकारी प्रवर्द्धन कोष ०.५० | ५५,९५१.२३ |

**अध्यक्ष एवं सदस्य महानुभावहरु ,**

संस्थाका गतिविधिहरुमा लेखासमितिको तर्फबाट सुझावका रुपमा तपशील बमोजिम उल्लेख गर्न चाहन्छु।

१) सहकारी तालिमको अनिवार्य र नियमित व्यवस्था गर्नु पर्ने देखिन्छ।
२) उपसमितिहरु क्रियाशिल र सक्रिय बनाउनुपर्ने देखिन्छ।
३) सहकारीले लगानीको क्षेत्र खोजि गरी कर्जा लगानीलाई बढाउनुपर्ने देखिन्छ ।
४) सहकारी संस्थाको दैनिक कारोवार बढ्दै गईरहेको सन्दर्भमा दैनिक कारोवार अध्ययन तथा नियमनका लागि आन्तरिक लेखापरीक्षक एवं परामर्शदाताको व्यवस्था गर्नुपर्ने देखिन्छ।
५) कार्यालय व्यवस्थित र सदस्यमैत्री बनाउनुपर्ने देखिन्छ।
६) भाका नाघेको कर्जा असुलीमा प्रयत्न जारी गर्नुपर्ने देखिन्छ।
७) परिवर्तित निति नियमलाई अध्ययन गरी सोही अनुरुपको संसोधन गरिनुपर्ने आवश्यकता देखिन्छ।

धन्यवाद !

**संयोजक - रामकृष्ण नेपाल**
**सदस्य-श्याम बहादुर तितुङ्ग**
**सदस्य-श्यामप्रसाद सुबेदी**

२०७५ साल, मंसिर ८ गते, शनिबार
मेगा ब्याङ्क्वेट, रविभवन , काठमाण्डौं।

# तरकारी फलफूल वचत तथा ऋण सहकारी संस्था लिमिटेड
# का म न पा –१३, कालिमाटी, काठमाण्डौका

**सदस्य महानुभावहरुमा**

**आर्थिक वर्ष २०७४/०७५ को स्वतन्त्र लेखापरीक्षकको प्रतिबेदन**

हामीले तरकारी फलफूल वचत तथा ऋण सहकारी संस्था लिमिटेड को यसै साथ संलग्न २०७५/०३/३२ को स्थिती बिवरण पत्र (वासलात), सो मितिमा समाप्त भएको आर्थिक वर्ष २०७४/०७५ सालको आय ब्यय हिसाब विवरणको लेखापरीक्षण सम्पन्न गरेका छौ । वित्तीय विवरणहरु प्रतिको उत्तरदायित्व व्यवस्थापनमा रहेको छ। व्यवस्थापनले तयार गरेका ती वित्तीय विवरणहरु उपर लेखापरीक्षणको आधारमा आफ्नो मन्तव्य जारी गर्नु हाम्रो उत्तरदायित्व हो ।

हामीले नेपाल लेखापरीक्षणमान र प्रचलित अन्य लेखापरीक्षणमानको आधारमा लेखापरीक्षण सम्पन्न गरेका छौं । वित्तीय विवरण सारभूत रुपमा गलत आंकडारहित छन भन्ने कुरामा विश्वस्त हुनको लागि लेखापरीक्षणमान अनुसार योजना तयार गरी तदनुसार लेखापरीक्षण सम्पन्न गर्नु पर्दछ। वित्तीय विवरणमा उल्लेखित रकम र खुलाईएका अन्य विवरणलाई पुष्ट्याई गर्ने प्रमाणको छडके परीक्षण समेत लेखापरीक्षणमा समावेश हुन्छ। संस्थाले अवलम्वन गरेको लेखा सिद्धान्त व्यवस्थापनले गरेका महत्वपूर्ण अनुमान एवं वित्तीय विवरण प्रस्तुतीको समग्र स्थितिको मुल्याय्न पनि लेखापरीक्षणमा समावेश हुन्छ। लेखापरीक्षणले हाम्रो मन्तव्यलाई पर्याप्त आधार प्रदान गर्ने कुरामा हामी विश्वस्त छौ।

हाम्रो राय तथा हामीलाई प्राप्त सूचना तथा दिइएका स्पष्टिकरण अनुसार वित्तीय विवरणहरुले २०७५ आषाढ ३२ गतेको वित्तीय स्थिति, सोही मितिमा समाप्त भएको आर्थिक बर्षको सञ्चालन नतिजा र नगद प्रवाह स्थितिको उचित तथा यथार्थ चित्रण गरेको छ। लेखापरीक्षणको सम्बन्धमा सोधनी तथा कैफियत तलब गरेका कुराहरुको जवाफ यथाशीघ्र पायौं।

उपरोक्त आधारमा लेखापरिक्षण गरी निम्न अनुसारको प्रतिवेदन पेश गरेका छौं

१.) हाम्रो लेखा परीक्षणको शिलसिलामा आवश्यक पर्ने सुचना , माग गरेका विवरणहरु , सोधनी र कैफियत तलब भएका कुराको जवाफ यथाशिघ्र पायौं।

